**आम्दा नेपाल**
**मासिक प्रतिवेदन**

आ.व. २०८१/८२ महिनाः भाद्र

**परिचय**

एशोसियन अफ मेडिकल डक्टर्श अफ एशिया (आम्दा) नेपाल, गैर नाफा मुखी सामाजिक संस्था हो। आम्दा नेपाल, एक गैर सरकारी संस्थाको रूपमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंमा मिति २०४७।११।२० गते दर्ता भएको हो। आम्दा नेपालले मुलतः विपन्न तथा असहाय समुदाय लक्षित परियोजनाहरूको साथमा स्थानिय नगरपालिका एवं उद्योग वाणिज्य संघहरूसँग सहकार्य गरी जनस्वास्थ्यको क्षेत्रमा अस्पताल, क्लिनिक, स्वास्थ्य सम्बद्ध शैक्षिक कार्यक्रमहरू समेत सञ्चालन गर्दै आएको छ । आम्दा नेपालले आफ्ना ३ वटा अस्पताल मार्फत दुर्गम क्षेत्रका जनसमुदायलाइ लच्क्षित गर्दै स्वास्थ्य अवस्थामा सुधार गर्न गुणस्तरीय उपचारात्मक सेवा प्रदान प्रदान गरेको छ भने विभिन्न स्वास्थ्य परियोजना मार्फत विभिन्न जिल्लाहरूमा स्थानीय जनसमुदायलाइ लच्क्षित गर्दै रोकथामूलक प्रवर्धनात्मक स्वास्थ्य कार्यक्रमहरू समेत गरिरहेको छ । समुदायको आवश्यकता अनुरूप संघिय, प्रादेशिक र स्थानीय तहका सरकारी निकायहरूसंगको सहयोग, सहकार्य र सहभागितामा सामुदायिक सचेतनामुकल कार्यक्रमहरू संचालन गरिरहेको छ। उत्कृट स्वास्थ्य सेवा प्रदान गर्ने हेतु आफ्नै तालिम केन्द्र र शैक्षिक प्रतिष्ठान मार्फत राष्ट्रका निमित्त आवश्यक पर्ने स्वास्थ्य सम्बद्ध प्राविधिक जनशक्ति उत्पादन गरि आवश्यक मात्रामा जनशक्ति परिपूर्ति गर्दै आएको छ । यसरी आम्दा नेपालले सरकारको स्वास्थ्य नीति, रणनीति र लक्ष्य अनुरूप सबैको पहुँचमा स्वास्थ्य सेवा पुर्याउन आफ्नो तर्फबाट सक्दो योगदान गरिरहेको छ।

**क्रियाकलाप**

**१. आम्दा इन्टरनेशनलको ४० औं वार्षिकोत्सव समारोहमा सहभागिता।**

आम्दा नेपालका अध्यक्ष डा. सुनु दुलाल र उपाध्यक्ष डा. संगिता बराल बस्नेतले, इन्डोनेशियाको बाली शहरमा सन् १७ - १९ अगष्ट २०२४ सम्म आयोजित आम्दा इन्टरनेशनलको ४० औं वार्षिकोत्सव समारोहमा भाग लिइ नेपाल फर्किनु भएको छ। आम्दा नेपालको तर्फबाट अध्यक्ष डा. सुनु दुलालले आम्दा इन्टरनेशनल मेडिकल कजेल स्थापनको संभावना र चुनौति समटिएको एक अवधारणा समेत प्रस्तुत गर्नु भएको छ।

**२. परामर्श बैठक सम्पन्न**

वि.सं. २०८१।०५।०७ गते दमकबासी सामाजिक अभियन्ताहरू श्री अम्बिका खनाल, श्री वोधराज घिमिरे, श्री यज्ञराज गिरी, डा. नेत्र बहादुर बुढाथोकी, श्री ढुण्डिराज भण्डारीसँग आम्दा नेपालका सचिव डा. अनिल कुमार दास, कार्यक्रम निर्देशक सुदेश रेग्मी र वित्त नियन्त्रक श्री रश्मी पुतुवार, प्रशासक श्री सुमन नेपालले आम्दा अस्पताल दमकको सेवा सुदृढीकरण तथा पूर्वाधार विकाशका विषयमा परामर्श बैठक सम्पन्न गर्नुभएको छ।

**३. Accounting Software खरिद सम्वन्धि सुचना प्रकाशन।**

आम्दा नेपालको प्रयोजनको लागी Accounting Software खरिद गर्न वि.सं. २०८१।०५।०४ गते सुचना (10200) प्रकाशन गरिएको छ।

**४. सामाजिक सञ्जाल निर्माण।**

आम्दा नेपालमा आवद्ध कर्मचारीहरू विचको सुचना आदान प्रदान प्रणालीलाइ थप व्यवस्थित गर्नका लागीस्विकृत कार्यविधिका आधारमा एक सामाजिक सञ्जाल (Whatsapp) समुह निर्माण गरिएको छ।

**५. नियमित साप्ताहिक बैठक**

बि.सं. २०८१।०५।१० गते सम्पन्न नियमित साप्ताहिक समिक्षा बैठकमा निम्नानुसार छलफल र निर्णयहरू गरिएको छ ।

**६. सम्माननीय प्रधानमन्त्री सँग भेटघाट ।**

वि.सं. २०८१।०५।०८ गते दमकबासी सामाजिक अभियन्ताहरू श्री अम्बिका खनाल, श्री वोधराज घिमिरे, श्री यज्ञराज गिरी, डा. नेत्र बहादुर बुढाथोकी, श्री ढुण्डिराज भण्डारीहरूको अगुवाइमा आम्दा नेपालका सचिव डा. अनिल कुमार दास, सहसचिव डा. नविन ढकाल, आम्दा अस्पताल दमकका मेडिकल सुपरिन्टेन्डेन्ट डा. प्रकाश शर्मा, प्रशासक श्री सुमन नेपालले आम्दा अस्पताल दमकको सेवा सुदृढीकरण तथा पूर्वाधार विकाशको विषयमा सम्माननीय प्रधानमन्त्रीसँग आत्मिय भेटघाट गर्नुभएको छ । सम्माननीयज्यू, गैरनाफामूलक संस्था आम्दा नेपालले दमकमा सञ्चालन गरेको आम्दा अस्पतालबाट आम नागरिकले सरल र सहजरूपमा प्राप्त गरेकोमा धन्यवाद दिनुभएको छ ।

**७. कार्यसम्पादन मूल्याङ्कन ।**

विज्ञहरूबाट प्राप्त सुझाव समेतको आधारमा कार्यसम्पादन मूल्याङ्कनमा संवेदनशिल तत्व "Critical Elements" समेत छुट्टाइ, विशेष स्थान सहित वि.सं. २०८१।०५।२५ गते भित्र कार्यसम्पादन मूल्याङ्कन सम्पन्न गर्न/गराउन परिपत्र गरिएको छ ।

**८. आन्तरिक व्यवस्थापन ।**

आम्दा नेपाल मातहतका अस्पतालहरूमा गठित आन्तरिक व्यवस्थापन समिति पदाधिकारीहरूको सुचि अध्यावधिक गरिएको छ ।

**९. पदपूर्तिको विज्ञापन प्रकाशन ।**

आम्दा नेपालले यूएसएडको सहयोगमा सञ्चालन हुन सक्ने संभाव्य USAID Sustainable HIV Epidemic Control परियोजनाका लागी मुख्य पदहरूको पदपूर्तिका लागी विज्ञापन प्रकाशन गरिएको छ ।

**१०. नियमित साप्ताहिक बैठक ।**

बि. सं. २०८१।०५।१७ गते सम्पन्न नियमित साप्ताहिक समिक्षा बैठकमा निम्नानुसार छलफल र निर्णयहरू गरिएको छ ।

**११. संभाव्य परियोजनाका लागी पदपूर्ति सम्वन्धि विज्ञापन प्रकाशन ।**

आम्दा नेपालले USAID को सहयोगमा सञ्चालन गर्ने संभावित USAID Sustainable HIV Epidemic Control परियोजनाका लागी आवश्यक पर्ने सक्ने मुख्य चार पदमा पदपूर्तिका लागी वि.सं. २०८१/०५/१३ गते विज्ञापन प्रकाशन गरिएको छ ।

**१२. समय पालना ।**

केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरूलाइ समय पालना गर्न गराउन अनुरोध सहित प्रकाशन गरिएको छ ।

**१३. नियमित साप्ताहिक बैठक ।**

बि. सं. २०८१।०५।२४ गते सम्पन्न नियमित साप्ताहिक समिक्षा बैठकमा निम्नानुसार छलफल र निर्णयहरू गरिएको छ ।

**१४. कार्यकारिणी समितिको १३ औं बैठक सम्पन्न ।**

आम्दा नेपालका अध्यक्ष डा. सुनु दुलालको अध्यक्षतामा वि.सं. २०८१।०५।२४ गते, केन्द्रीय कार्यालयमा कार्यकारिणी समितिको १३ बैंठक सम्पन्न भएको छ ।

**१५. लेखा परिक्षणका सुझाव कार्यान्वयन ।**

आ.व. २०८०/०८० को लेखा परिक्षणले सुझाएका विषयहरू प्राथमिकताका साथ कार्यान्वयन गर्न सुझाव सहित सवन्धित कार्यालयहरूलाइ पत्राचार (च.नं. १०३४०, वि.सं. २०८१।०५।२६ गते ) गरिएको छ ।

१६. **दरभाउ आव्हान ।**

आम्दा नेपाल, केन्द्रीय कार्यालयका लागी आवश्यक छपाइ सम्वन्धि सरसामान खरिदका लागी वि.सं. २०८१।०५।२७ गते दरभाउ आव्हान सहित सूचना नं. १०३४१ प्रकाशन गरिएको छ ।

१७.**पदपूर्ति सम्वन्धि सुचना प्रकाशन ।**

USAID USAID Sustainable HIV Epidemic Control Project) १०२८९ प्रकाशन गरिएको छ ।

१८. **क्यान्सर परिक्षण कार्य योजना ।**

आम्दा नेपाल र गोकर्णेश्वर नगरपालिका विच वि.सं. २०८१।०५।०५ (संझौता नं. १०२७७) गते सम्पन्न संझौता बमोजिम स्तन तथा पाठेघर मुखको क्यान्सर परिक्षणका लागी कार्ययोजना तयार भएको छ ।

**१९. नियमित साप्ताहिक बैठक ।**

बि.सं. २०८१।०५।३१ गते सम्पन्न नियमित साप्ताहिक समिक्षा बैठकमा निम्नानुसार छलफल र निर्णयहरू गरिएको छ ।